# औरही नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

औरही, महोत्तरी

प्रदेश नं. २, नेपाल

पत्र संख्या :- २०७८/०७९

चलानी नं. :-

मिति :- २०७८/०९/०४

प्रस्ताव आह्वान सम्बन्धी सूचना ।

(प्रथम पटक प्रकाशित मिति २०७८ /०९/०४)

आ. ब. २०७८ / ०७९ को बार्षिक स्वीकृत कार्यक्रम अनुसार "प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत साना व्यवसायिक कृषि उत्पादन केन्द्र पकेट कार्यक्रम सन्चालन गर्नुपर्ने भएको हुँदा इच्छुक कृषि समूह/ सहकारी/जल/ वन उपभोक्ता समिति /कृषि फर्महरुले यो सूचना प्रकाशित भएको मितिले १५औं दिन भित्र आवश्यक कागजात सहित औरही नगरपालिकाको कार्यालय कृषि शाखामा सर्म्पक गरी प्रधानमन्त्रि कृषि आधुनिकीकरण परियोजन, परियोजना कार्यान्वयन अनुसूचि १०अनुसार आवेदन दर्ता गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका निवेदनहरु छनौटको लागी समावेश नहुने व्यहोरा समेत जानकारी गराइन्छ ।

आवश्यक कागजातहरु:-

१. प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना कार्यान्वयन म्यानुअलको अनुसूचि १० बमोजिमको ढाँचामा रु.१०को हुलाक टिकट सहितको निवेदन,(निवेदनको ढाँचा कृषि शाखाबाट पनि प्राप्त गर्न सकिने छ ।

२.कृषि समूह/कृषि सहकारी/जल वन उपभोक्ता समिति/कृषि फर्म दर्ता प्रमाण पत्रको प्रतिलिपि

३.कार्यक्रम सन्चालन हुने स्थान (जग्गा /जमिन )को स्वामित्व खुल्ने कागजात वा भाडाको जग्गा भएमा कम्तिमा ५वर्षको सम्झौता पत्र

४. निवेदकको नागरिकता वा परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपि

५. कार्य समितिको निर्णयको प्रतिलिपि

६. सम्बन्धित वडा कार्यालयको सिफारिस

..............................

निलाम्बर मिश्र

नि. प्रमुख प्रशासकीय अधिकृत

निलाम्बर मिश्र

नि. प्रमुख प्रशासकीय अधि...

अनुसूची- १०

(परिच्छद ४को ४.१.९.१ख ४,२,९,१(ख) ४.४.११ (ख) सँग सम्बन्धित)

अनुदानका लागि आबेदन ( नमूना फाराम)

श्री प्रमुखज्यू,

..........................

................कार्यलय, ................

विषय :-साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यकम अर्न्तगत तरकारी खेति संचालन सम्बन्धमा ।

प्रस्तुत विषयमा यस .........................(कार्यलय)बाट मिति .............................मा प्रकाशित सार्बजानिक सूचना बमोजिम आवश्यक कागजात सहित हाम्रो समूह बमोजिम आवश्यक कागजात सहित हाम्रो समूह/सहकारी/संस्था/समिति/कृषि फर्म/ जल उपभोक्ताका सदस्यहरुले ...................................कार्यक्रम अन्तर्गत .................................(क्रियाकलापहरुको नाम) सञ्चालन गर्न इच्छुक भएकोले सहभागि गराई दिनुहुन यो निवेदन पेश गरेको छु/छौं।

निवेदक

............................

| क .स | कृषकको नाम | ठेगना | पति/पत्नीको नाम | सम्पर्क न. | दस्तखत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

निवेदनसाथ संलग्न कागजातहरुः-

१ निवेदन

२. दर्ताको प्रमाण

३. लालपुर्जाको प्रतिलिपि

४. नागरिकताको प्रतिलिपि

५. कार्य समितिको निर्णयको प्रतिलिपि

६. .सम्बन्धित वडा कार्यालयको सिफारिस